# नेपाली भाषाका क्रियापदहरूको रूपविश्लेषण

दीपकप्रसाद न्यौपाने

उपप्राध्यापक
नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल
deepak.neupane@mahmc.tu.edu.np

DOI: https://doi.org/10.3126/dristikon.v11i1.39166


## लेखसार

नेपाली भाषाका क्रियापदको संरचनात्मक स्वरूपको विश्लेषणमा केन्द्रित रहेको यस लेखमा नेपाली भाषाका समापिका क्रियामा रहेका रूपहरूको स्वरूप र तिनीहरूको संरचनाको विश्लेषण गरिएको छ । यसमा रूपको विश्लेषणसँग सम्बन्धित विद्वान् लेखकहरूका पुस्तक तथा अनुसन्धानमूलक लेखहरूलाई सामग्रीका रूपमा लिइएको छ । वर्णनात्मक तथा विवरणात्मक विधिद्वारा सामग्रीको विश्लेषण गरिएको यस लेखमा सोद्देश्य नमुना छनोट विधिको प्रयोग गरी 'पढ्' र 'जा' धातुबाट काल, पक्ष, भाव, वाच्य तथा निषेधनका आधारमा व्युत्पादन भएका क्रियापदहरूको छनौट गरी ती क्रियामा रहेका रूप तथा संरूपहरूको विश्लेषण गरिएको छ । नेपाली भाषामा व्यक्ति, मुक्त, बद्ध, कोशीय, व्याकरणिक, शून्य, रिक्त, सम्पृक्तलगायतका रूपहरू प्रायः रेखीय ढाँचामा आएर क्रियापदको निर्माण गर्ने भएकाले मुख्य रूपमा एकाइ र व्यवस्थापन पद्धति र केही केही सन्दर्भमा शब्द र रूपावली पद्धतिद्वारा यी क्रियापदमा प्रयुक्त रूपहरूको विश्लेषण गर्न सकिने निष्कर्षलाई यस लेखमा प्रस्तुत गरिएको छ ।


*शब्दकुञ्जी :* रूप, रूपिम, संरूप, एकाइ, व्यवस्थापन, रूपावली

## विषय परिचय

नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको स्वरूप र तिनको संरचनात्मक ढाँचाको विश्लेषण गर्नु यस लेखको विषय हो । जुनसुकै भाषामा क्रियालाई वाक्यको सबैभन्दा मुख्य घटकका रूपमा लिइन्छ । यसले सिङ्गो वाक्यलाई नियन्त्रण गरेको हुन्छ । क्रियापदमा लिङ्ग, वचन, पुरुष, आदर, कारक, काल, पक्ष, भाव, वाच्य, ध्रुवीयता, निषेधनलगायतका सबै व्याकरणिक कोटिहरूको अभिव्यक्ति रहेको हुन्छ । यस किसिमका सबै व्याकरणिक सूचनाहरू रहने भएकाले क्रियामा धेरै किसिमका रूपहरूको संयोजन, व्यवस्थापन वा संश्लेषण रहेको हुन्छ । क्रियामा रहेका रूपहरूले कोशीय अर्थका साथै एउटै वा अनेक किसिमका व्याकरणिक सूचनाहरू दिने गर्दछन् । यस किसिमका अर्थलाई द्योतन गर्नाका लागि क्रियापदमा एकाधिक रूपहरूको प्रयोग भएको पाइन्छ । क्रियापदका तहमा देखिने यी विभिन्न किसिमका रूपिमहरूको विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेर नै यो लेख तयार पारिएकाले यस लेखको मूल विषय नेपाली भाषाका समापिका क्रियामा देखिने रूपहरूको विश्लेषण गर्नु रहेको छ । यस सन्दर्भमा यस लेखमा रूप, रूपिम तथा संरूपको चर्चा गरी नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको एकाइ र व्यवस्थापन तथा शब्द र रूपावली प्रक्रियाद्वारा विश्लेषण गरिएको छ ।

### समस्या कथन

नेपाली भाषाका क्रियापदमारहेकारूपिमहरूको विश्लेषणमा केन्द्रित यस लेखमा निम्नलिखित समस्याहरूको प्राज्ञिक समाधान खोज्ने प्रयास गरिएको छ :

क. नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको विश्लेषण कसरी गर्न सकिन्छ ?

ख. नेपाली भाषाका क्रियापदमा केकस्ता रूपहरूको व्यवस्थापन रहेको छ ?

**उद्देश्य**

प्रस्तुत अध्ययन निम्नअनुसारका उद्देश्यमा केन्द्रित रहेको छ :

क. नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको व्यवस्थापन ढाँचाको विश्लेषण गर्नु

ख. नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको स्वरूप केलाउनु

**औचित्य र महत्त्व**

यस अध्ययनमा नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको स्वरूप तथा ती रूपहरूको व्यवस्थापनको ढाँचाको विश्लेषण गरिएको छ । नेपालीमा रूपविश्लेषणको चर्चा गरिएका सैद्धान्तिक सामग्रीहरू पर्याप्त मात्रामा रहे पनि ती सिद्धान्तमा केन्द्रित भएर गरिएका प्रायोगिक अध्ययनको अवस्था न्यून मात्रामा मात्र देखिएको छ । यस किसिमको अभावलाई परिपूर्ति गर्न यस लेखले सहयोग पुऱ्याउने निश्चित देखिन्छ । यसका अतिरिक्तरूप, रूपिम, संरूप तथा रूपका विभिन्न प्रकारका बारेमा जानकारी लिनुका साथै कुनै पनि भाषामा रहेका क्रियापदहरूमा प्रयुक्त रूपको अध्ययन गर्नाका लागि पनि यो अध्ययन उपयोगी हुने भएकाले यस अध्ययनको औचित्य तथा महत्त्व रहने देखिन्छ ।

**सीमा**

यस लेखमा रूप, रूपिम तथा संरूपको सैद्धान्तिक पक्षको सामान्य चिनारी दिई नेपाली भाषाका व्यञ्जनान्त 'पढ्' र स्वरान्त 'जा' धातुलाई नमुना बनाई समापिका क्रियामा रहेका रूपहरूको मात्र विश्लेषण गरिएको छ । यस लेखले असमापिका क्रिया, संयुक्त वा मिलित क्रियालाई अध्ययनक्षेत्र बनाइएको छैन । क्रियापदमा केन्द्रित भइकन पनि एकाधिक तथा व्युत्पन्न धातुबाट निर्मित क्रियापदको विश्लेषण हुन नसक्नु यो लेखका सीमा हो । यस लेखमा एकाइ र व्यवस्थापन पद्धतिमा केन्द्रित भएर रूपहरूको विश्लेषण गरिएको छ भने शब्द र रूपावली पद्धतिको सीमित रूपमा प्रयोग गरिएको छ । सबै क्रियापदहरूको विश्लेषण गर्दा अति विस्तार हुने भएकाले यसमा प्रतिनिधित्व हुने गरी सीमित क्रियापदमा रहेका रूपिमहरूको विश्लेषण गर्नु पनि यस लेखको सीमा हो ।

## अध्ययन विधि

**सामग्री सङ्कलन विधि**

प्रस्तुत अध्ययनमा समस्या कथनमा उठाइएका समस्याहरूको समाधानका लागि पुस्तकालयीय स्रोतबाट सामग्रीहरू जुटाइएको छ । यस अध्ययनमा सामग्रीहरूको सङ्कलन गर्दा नमुना सोद्देश्यमूलक छनोट पद्धतिको प्रयोग गएिको छ । यस अध्ययनमा विषय विज्ञहरूद्वारा लेखिएका पुस्तकबाट नै अधिकांश सामग्रीहरू सङ्कलन गरिएको हुनाले यी सामग्रीहरू द्वितीयक स्रोतमा आधारित रहेका छन् ।

**विश्लेषण विधि**

यो अध्ययन गुणात्मक ढाँचामा केन्द्रित रहेको छ । यस अध्ययनमा सङ्कलित सामग्रीको विश्लेषण गर्दा वर्णनात्मक अध्ययन पद्धतिलाई नै आधार बनाइएको छ भने यिनीहरूको विश्लेषण गरी निष्कर्ष निकाल्ने सन्दर्भमा चाहिँ

विश्लेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । यसरी प्रस्तुत अध्ययनमा मूलतः वर्णनात्मक विवरणात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित भई सामग्रीको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## परिणाम र छलफल

### रूप, रूपिम र संरूप

रूपध्वनि वा वर्णभन्दा माथिल्ला न्यूनतम अर्थयुक्त व्याकरणिक एकाइ हो । यसमा अनिवार्य रूपमा अर्थ रहने भएकाले न्यूनतम आर्थी आकारका रूपमा रूपलाई चिनाउने गरिएको छ । न्यौपाने र न्यौपाने (२०६३, पृ.८) मा नाइडा, हकेट, ब्लख र ट्रेगर, ग्लिसन र ह्वालेले दिएका रूपका परिभाषाहरूको उल्लेख गरिएको छ । यी सबैजसो परिभाषामा भाषाको न्यूनतम अर्थयुक्त एकाइलाई रूप वा रूपिम भनिएको पाइन्छ । यो न्यूनतम अर्थगत एकाइ हो । यसभन्दा साना एकाइमा अर्थ रहँदैन । यसमा न्यूनतम एउटा मुक्त वा बद्ध रूपिम रहनै पर्दछ । यस्तो अर्थ नभएमा त्यो रूप वा रूपिम मानिदैन । भाषामा रूपको उपस्थिति वार्णिक आकारमा हुने गर्दछ । कतिपय सन्दर्भमा रूप आकार रहित भएर शून्य रूपका अवस्थामा पनि देखिन सक्छ । न्यूनतम अर्थ हुनै पर्ने भए पनि यस्तो अर्थ उक्त रूपहरूको उपस्थिति रहेको पद वा वाक्यबाट समेत निर्धारित हुने गर्दछ । जुनसुकै सन्दर्भमा भए पनि न्यूनतम आर्थी स्वरूपमा रहने भाषिक एकाइहरू नै रूप वा रूपिम हुन् । यस किसिमका न्यूनतम आर्थी आकारहरू एक वा एक भन्दा बढी ध्वनि वा वर्ण मिलेर रूपको निर्माण भएका हुन्छन्, जस्तै : रामले मलाई त देख्यो । वाक्यमा प्रयोग भएका 'रामले' पदमा /राम/ र /ले/ 'मलाई' पदमा /म/ र /लाई/, 'त' पदमा /त/ 'देख्यो' पदमा /देख्/, /य्/ र /ओ/ रूपहरू रहेका छन् ।

नेपाली भाषामा रूप र रूपिमलाई एउटै तात्पर्यमा प्रयोग गरिएको पाइन्छ । तात्त्विक रूपमा रूप र रूपिम शब्दमा अन्तर देखिँदैन । भाषाको सबैभन्दा सानो आर्थी आकार नै रूप वा रूपिम हुन् । यी दुईमा पाइने भिन्नता भनेको भौतिक र मानसिक अनुभूति मात्र हो । यी दुई पारिभाषिक शब्दमा पाइने भिन्नतालाई न्यौपाने, भण्डारी, न्यौपाने र घिमिरे (२०६७, पृ.९१) ले कुनै एकाइलाई अर्थगत दृष्टिले टुक्रा पार्दै जाँदा जहाँ पुगिन्छ ती टुक्राहरूलाई रूप भनिन्छ भने अर्थगत दृष्टिले व्यतिरेकी ती एकाइलाई नै रूपिम भनिन्छ भनी स्पष्ट पारेका छन् । उदाहरणका लागि 'घरेलु' शब्दमा विद्यमान न्यूनतम आर्थी आकारका आधारमा स्पष्ट पार्न सकिन्छ । 'घरेलु' शब्दमा /घर/ र/एलु/ दुइटा टुक्रा छन् । यी टुक्रालाई हामी भौतिक रूपमा नै लेख्य तथा उच्चार्य स्वरूपमा अनुभूत गरिरहेका छौँ । त्यसैले यी दुई टुक्राहरू रूप हुन् । यी दुई टुक्रा रूप हुन् भन्ने आधार यिनीहरूले व्यक्त गर्ने अर्थ हो । यो अर्थको अनुभूति मनोवैज्ञानिक वा मानसिक कुरा हो । यी टुक्रामा विद्यमान अर्थलाई हामी मानसिक रूपमा अनुभूत गर्ने भएकाले यस किसिमको मानसिक धारणालाई नै रूपिम भनिएको हो । एक रूप बराबर एक रूपिम हुने भएकाले रूप र रूपिमलाई एउटै तात्पर्यमा लिइएको हो । यस लेख यिनीहरूलाई वैकल्पिक रूपमा नै प्रयोग गरिएको छ ।

भिन्न वार्णिक आकारमा देखिएका रूपहरूलाई नै संरूप भनिन्छ । यस्ता संरूपहरू विभिन्न कारणले देखिन्छन् । यसै आधारमा गौतम, ओझा र सुवेदी (२०६७, पृ. ८८) वितरणका क्रममा भिन्न आकार लिएका एउटै रूपका स्थानानुसारी भेदलाई संरूपका रूपमा परिभाषित गर्दछन् । बन्धु (२०७३, पृ. ८३) ले पनि यसै सन्दर्भबाट संरूपलाई चिनाएका छन् । उनले जब कुनै खास रूपले विभिन्न वातावरणमा हुँदा विभिन्न रूप लिन्छ, त्यसलाई संरूप भनिन्छ भनी परिवेशका आधारमा संरूपको निर्माण हुने सङ्केत गरेका छन् । वास्तवमै परिवेशका कारण

देखिने कुनै रूपका सदस्य रूपलाई नै संरूप भनिन्छ । यसलाई निम्नअनुसारका उदाहरणका माध्यमबाट स्पष्ट पार्न सकिन्छ :

**तालिका १**

*रूप र संरूप*

| शब्द | रूप | संरूप |
|---|---|---|
| होइन्छ, भइन्छ, हुइन्छ | /हु/ | [हो, भ, हु] |
| सक्छ, सक्तछ, सक्दछ | /द/ | [ϕ,त,द] |
| सुत्तै, सुत्दै | /द/ | [त्, द्] |
| जान्छ, गयो | /जा/ | [जा, ग] |
| सङ्कल्प, सञ्चय, सन्ताप, सम्मान, संयोग | /सम्/ | [सङ्, सञ्, सन्, सम्, सं] |
| दुइटा, दोटा | /दुई/ | [दुइ, दो] |
| उत्पति, उद्योग, उच्चारण, उज्ज्वल, उड्डयन, उन्मुक्ति | /उत्/ | [उत्, उद्, उच्, उज्, उड्,उन्] |
| केन्द्रीय, आवासीय, राष्ट्रिय, श्रोत्रिय | /ईय/ | [ईय, इय] |
| लाग्नु, लगान | /लाग्/ | [लाग्, लग्] |
| छापा, छपाइ | /छाप्/ | [छाप्, छप्] |

*नोट:* रूपलाई // मा र संरुपलाई [] भित्र देखाउने चलन छ ।

माथिका तालिकामा /हु/,/द/, /जा/, /सम्/, /दुई/ र /उत्/ लगायतका रूपका संरूपहरूलाई प्रस्तुत गरिएको छ । यस्ता संरूपहरू वार्णिक, व्याकरणिक, कोशीय र आदेशका कारण देखापर्दछन् (न्यौपाने र न्यौपाने, २०६३, पृ. ४१) । आदेशका कारण देखिने संरूप व्याकरणकै एउटा प्रकार भएकाले मुख्यतः तीनवटा कारणहरूबाट संरूपको निर्धारण भएको पाइन्छ ।

**रूपविश्लेषण पद्धति**

कुनै पद, पदावलीलगायतका भाषिक उच्चारमा रहेका रूप तथा संरूपहरू केलाउने कामलाई रूपविश्लेषण भनिन्छ । अमेरिकाली भाषाशास्त्री हकेटले सन् १९५२ मा रूपविश्लेषणका एकाइ र व्यवस्थापन, एकाइ र प्रक्रिया तथा शब्द र रूपावली तीनवटा प्रक्रियाका बारेमा चर्चा गरेका थिए (बन्धु, २०७३, पृ. ९१) । कुनै भाषिक उच्चारमा एकपछि अर्को गर्दै मालाजस्तै भएर रूपहरू व्यवस्थित भएका छन् भने त्यस्ता उच्चारको विश्लेषण एकाइ र व्यवस्थापन प्रक्रियाद्वारा गर्न सकिन्छ । नेपाली भाषाका प्राय सबै क्रियापदहरूमा रहेका रूपहरूको विश्लेषण यसै पद्धतिबाट गर्न सकिन्छ । कुनै उच्चारमा रूपहरू संश्लिष्ट भएर आएका छन् भने आधार रूपको पहिचान गरी उक्त रूपमा अन्य रूपहरूको संश्लेषण कसरी भएको छ भनेर केलाउने एकाइ र व्यवस्थापन पद्धतिको प्रयोग गरिन्छ । बाल् (बल् + प्रेरणा), मार् (मर् +प्रेरणा) जस्ता उच्चारमा रहेका रूपहरूको विश्लेषण यही प्रक्रियाद्वारा गरिन्छ । कुनै धातुबाट व्युत्पन्न भएका सबै रूपावलीका आधारमा कुनै एक पदमा रहेका रूपको विश्लेषण गर्ने पद्धतिलाई शब्द र

रूपावली पद्धति भनिन्छ । नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको विश्लेषणका लागि पहिलो र तेस्रो पद्धतिको आवश्यकता पर्ने भएकाले यहाँ आवश्यकताअनुसार यी दुई पद्धतिलाई विश्लेषणको आधार बनाइएको छ ।

**क्रियापदको रूपविश्लेषण**

नेपाली भाषाका क्रियापदहरूलाई प्रकार्यगत दृष्टिले काल, भाव, वाच्य र निषेधन चारवटा आधारमा वर्गीकरण गरी विश्लेषण गर्दा सबै किसिमका क्रियापदहरू र ती क्रियापदमा विद्यमान सबै किसिमका रूपहरूको विश्लेषण गर्न सकिने अवस्था देखिएकाले यिनै  यहाँ यसै आधारमानेपाली भाषाका 'पढ्' र 'जा' धातुबाट बन्ने क्रियापदहरूको विश्लेषण गरी क्रियापदमा रहने रूपिमको स्वरूप वितरण तथा समायोजनका ढाँचाको सामान्यीकरण गरिएको छ ।

***कालबोधक क्रियापदकारूपिमहरूको विश्लेषण***

नेपालीमा भूत र अभूत दुई किसिमको कालिक व्यवस्था रहेको छ । परम्परित व्याकरणमा भूत, वर्तमान र भविष्यत् तीन किसिमको कालिक व्यवस्थाको चर्चा भए पनि भाषावैज्ञानिक दृष्टिमा तीनवटा काल मान्ने कुनै आधार देखिँदैन । निम्नअनुसारका उदाहरणबाट यसलाई स्पष्ट पार्न सकिन्छ :

क. जान्छ । - जान्छ /जा-छ्-अ/ (धातु-अभूत-तृपु, एव, अनादर, अस्त्री.)

ख. जाने छ । - जाने छ /जा-ने-छ्-अ/(धातु-अवास्तविक-अभूत-तृपु, एव, अनादर, अस्त्री.)

उदाहरण ख. को क्रियापदमा प्रयुक्त /ने/रूपिमले कुनै कालविशेषको सूचना नदिई अवास्तविक वा अनिश्चय पक्षलाई जनाएको छ । यहाँ कालको अभिव्यक्तिका लागि /छ/रूपिमको प्रयोग भइसकेको छ । एउटा क्रियामा काललाई जनाउने दुइटा रूपिम हुन नसक्ने आधारमा पनि यहाँ /ने/रूपिमले पक्षलाई नै सङ्केत गरेको पुष्टि हुन्छ । यसले गर्दा नेपालीमा भूत र अभूत दुई किसिमका क्रियापदहरू मात्र देखिन्छन् ।

नेपालीमा 'पढ्' र 'जा' धातुबाट भूत र अभूत कालमा निम्नअनुसारका क्रियापदहरू निर्मित हुन्छन् :

**तालिका २**

*भूत र अभूत कालका क्रियापदहरू*

| भूत | अभूत |
|---|---|
| पढेँ, पढ्यौँ, पढिस्, पढ्यौ, पढ्नुभयो, पढिस्यो, पढिबक्सियो, पढ्यो, पढे | पढ्छु, पढ्छौँ, पढ्छस्, पढ्छौ, पढ्छ्यौ, पढ्नुहुन्छ, पढिसिन्छ, पढिबक्सन्छ, पढ्छ, पढ्छन्, |
| गएँ, गयौँ, गइस्, गयौ, जानुभयो, गइस्यो, गइबक्सियो, गयो, गए | जान्छु, जान्छौँ, जान्छस्, जान्छौ, जान्छ्यौ, जानुहुन्छ, गइसिन्छ, गइबक्सिछ, जान्छ, जान्छन् |

उल्लिखित तालिकामा राखिएका क्रिया पदहरूमध्ये 'पढ्' धातुबाट व्युत्पन्न भूतकालिक क्रियापदहरूको रूपविश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका ३**

*भूत कालिक क्रियापदमा रहेका रूपिमको विश्लेषण*

| पढेँ | पढ्यौँ | पढिस् | पढ्यौ | पढ्नुभयो |
|---|---|---|---|---|
| पढ्-ф-एँ | पढ्-य्-औँ | पढ्-ф-इस् | पढ्-य्-औ | पढ्-नु-हु-य्-ओ |
| धातु-भूत-प्रपु, एव | धातु-भूत-प्रपु,बव, | धातु-भूत-द्विपु, एव, अनादर | धातु-भूत-द्विपु, बव, निम्नआदर | धातु-नामिक प्रत्यय-धातु-द्विपु, उच्च आदर |

| **पढिस्यो,** | **पढिबक्सियो** | **पढ्यो** | **पढे** |
|---|---|---|---|
| पढ्-इस्-य्-ओ | पढ्-इ-बक्सि-य्-ओ | पढ्-य्-ओ | पढ्-ф-ए |
| धातु-उच्चतम आ-भूत-द्विपु+तृपु, एव+बव, | धातु-योजिका-धातु-भूत-प्रपु, बव, विशिष्ट आदर | धातु-भूत-तृपु, एव, अनादर, अस्त्री | धातु-भूत-तृ.पु, बव, निम्नआदर |

उदाहरणमा पहिलो लहरमा शब्दलाई दोस्रा लहरमा ती शब्दमा रहेका रूपलाई र तेस्रा लहरमा ती रूपहरूले व्यक्त गर्ने अर्थलाई प्रस्तुत गरिएको छ। यहाँ 'पढ्' धातुबाट व्युत्पन्न भएका सामान्य भूतकालका उल्लिखित क्रियापदहरूमा एकपछि अर्को गर्दै रूपहरू समायोजित रहेकाले यी रूपहरूलाई एकाइ र समायोजन प्रक्रियाद्वारा विश्लेषण गरी प्रस्तुत गरिएको छ। यी क्रियापदहरूमा प्रयुक्त सबै रूपहरू स्वतन्त्र रूपमा प्रयोग गर्न नसकिने भएकाले यिनीहरू बद्ध रूप हुन्। यी रूपहरूमध्ये सबै क्रियापदको आधार संरचनाका रूपमा रहेको /पढ्/, 'पढ्नुभयो' क्रियापदमा रहेको /हु/ र 'पढिबक्सियो' क्रियापदमा रहेको /पढ्/ र /बक्स/रूपले मात्र कोशीय अर्थ दिएकाले यिनीहरू कोशीय रूप हुन् भने बाँकी सबै अन्य रूपिमहरूचाहिँ व्याकरणिक रूप हुन्। यी क्रियापदहरूमा प्रयुक्त लिङ्ग, वचन, पुरुष आदर जनाउन एउटै संरचनामा आएका र एकसाथ अनेक व्याकरणिक अर्थलाई व्यक्त गर्ने रूपहरू सम्पृक्त रूप हुन् भने अन्य रूपहरूचाहिँ व्यक्ति रूप हुन्। यसैगरी माथिका उदाहरणमा भूत काल जनाउन प्रयोग भएका /य्/ र /ф/रूपहरू संरूपहरू हुन् भने बाँकी सबै रूपहरूरूपिमका तहमा रहेका छन्।

एकाइ र व्यवस्थापन पद्धतिका आधारमा मात्र माथिका सबै क्रियाहरूको विश्लेषण गर्न नसकिने देखिन्छ। उदाहरणका लागि द्वितीय पुरुष निम्न आदरका एक वचन र बहुवचनमा एउटै 'पढ्यौ' क्रियाको र तृतीय पुरुषको निम्न आदर एक वचनमा र बहुवचनमा एउटै 'पढे' क्रियापदको प्रयोग भएको छ। यी क्रियामा विद्यमान रूपहरूको अर्थ निर्धारण गर्न सिङ्गो रूपावलीलाई नै राख्नुपर्ने आवश्यकता देखिन्छ। यस किसिमका रूपहरूको विश्लेषणका लागि निम्नअनुसार शब्द र रूपावली पद्धतिका आधारमा नेपाली भाषाका क्रियापदहरूको विश्लेषण गर्न सकिन्छ :

**तालिका ४**

*भूत कालिक क्रियाका रूपावली*

| | एक वचन | बहु वचन |
|---|---|---|
| प्रथम पुरुष | पढेँ | पढ्यौँ |

| | | |
|---|---|---|
| द्वितीय पुरुष | पढ्यौ १ | पढ्यौ २ |
| तृतीय पुरुष | पढे १ | पढे २ |

माथिकोरूपावलीका आधारमा रेखाङ्कन गरिएका 'पढ्यौ' र 'पढे' क्रियामा रहेका रूपहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका ५**

*शब्द तथा रूपावली पद्धतिमा भूत कालिक क्रियाका रूपको विश्लेषण*

| पढ्यौ १ | पढ्यौ २ | पढे १ | पढे २ |
|---|---|---|---|
| /पढ्-य्-औ/ | /पढ्-य्-औ/ | /पढ्-ϕ-ए/ | /पढ्-ϕ-ए/ |
| धातु-भूत-द्विपु, एव | धातु-भूत-द्विपु, बव | धातु-भूत-तृपु, एव | धातु-भूत-तृपु, एव |

यहाँ 'पढ्यौ' १ मा प्रयुक्त /औ/रूपको एक वचन र 'पढ्यौ' २ मा प्रयुक्त /औ/रूपको बहु वचन भन्ने अर्थ सिङ्गो रूपावलीका आधारमा निर्धारित भएको छ। यसैगरी 'पढे'१ र 'पढे' २ मा रहेका /ए/रूपको अर्थ क्रमशः एक वचन र बहु वचन भन्ने पनि सिङ्गो रूपावलीकै आधारमा निर्धारित भएको छ। जहाँ एकै किसिमका क्रियाबाट रूपावलीका आधारमा फरक फरक किसिमको अर्थ निर्धारित हुन्छ त्यस अवस्थामा रूपहरूको विश्लेषणका लागि यो पद्धतिको आवश्यकता पर्दछ।

यसैगरी भूतकालिक क्रियामा जस्तै 'पढ्' धातुबाट बन्ने अभूत कालका क्रियापदहरूमा रहेका रूपहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका ६**

*शब्द तथा रूपावली पद्धतिमा अभूत कालिक क्रियाका रूपको विश्लेषण*

| पढ्छु | पढ्छौं | पढ्छस् | पढ्छौ | पढ्नुहुन्छ |
|---|---|---|---|---|
| पढ्-छ् - उ | पढ्-छ्-औं | पढ्-छ्-अस् | पढ्-छ्-औ | पढ्-नु-हु- छ्-अ |
| धातु-अभूत-प्रपु, एव, | धातु-अभूत- प्रपु, बव, | धातु-अभूत- द्विपु, एव, अनादर | धातु-अभूत-द्विपु, बव, निम्नआदर | धातु-नामिक प्रत्यय-धातु-द्विपु, उच्च आदर |

| **पढिसिन्छ** | **पढिबक्सिन्छ** | **पढ्छ** | **पढ्छन्** |
|---|---|---|---|
| पढ्-इ-सिन्-छ्-अ | पढ्-इ-बक्सि-छ्-अ | पढ्-छ्-अ | पढ्-छ्-अन् |
| धातु-उच्चतम आ-अभूत-द्विपु +तृपु, एव+बव, | धातु-वि.आदर-धातु-अभूत-द्विपु, एव, | धातु-अभूत-तृपु, एव, अनादर, अस्त्री | धातु-अभूत-तृ.पु, बव, निम्नआदर |

यहाँ/छ्/रूपले अभूत काललाई जनाएको छ भने अन्य रूपहरूले लिङ्ग, वचन, आदर जस्ता अर्थ दिएका छन्। यहाँ द्वितीय पुरुष एक वचन तथा बहु वचनमा एउटै 'पढ्छौ' क्रियामा प्रयुक्त /औ/रूपिमले एक वचन तथा बहु वचन भन्ने अर्थ दिन्छ। यी क्रियामा रहेका रूपहरूको विश्लेषण गर्नाका लागि पनि पनि शब्द र रूपावली पद्धतिको प्रयोग गर्नु आवश्यक देखिन्छ।

'पढ्' जस्तै 'जा' धातुबाट निर्मित भूत तथा अभूत कालका क्रियापदमा पनि निम्नअनुसारका उस्तै किसिमका रूपहरूको व्यवस्थापन भएको पाइन्छ :

**तालिका ७**

*'जा' धातुको भूत कालिक क्रियाबाट व्युत्पन्न रूपहरू*

| गएँ | गयौँ | गइस् | गयौ | जानुभयो |
|---|---|---|---|---|
| जा -ϕ-एँ | जा- य्- औँ | जा-ϕ-इस् | जा-य्-औ | जा- नु- हु- य्- ओ |
| धातु -भूत- प्रपु, एव, अनादर | धातु -भूत- प्रपु, बव, अनादर | धातु -भूत- द्विपु, एव, अनादर | धातु-भूत- द्विपु,एव, बव, निम्नआदर | धातु-नामिक प्रत्यय-धातु -भूत- द्विपु,उच्च आदर |

| गइस्यो, | गइबक्सियो | गयो | गए |
|---|---|---|---|
| जा -इस् -य्-ओ | जा्-इ-बक्सि-य्-ओ | जा-य्-ओ | जा-ϕ-ए |
| धातु -उच्चतम आ.- भूत- द्विपु +तृपु, एव+बव, | धातु-योजिका-धातु -भूत- प्रपु, बव, अनादर | धातु -भूत- तृपु, एव, अनादर, अस्त्री | धातु-भूत- तृ.पु, बव, निम्नआदर |

'जा' धातुबाट व्युत्पन्न भएका सबै किसिमका कालिक क्रियापदमा रहेका रूपहरूलाई राखी एकाइ र समायोजन पद्धतिका आधारमा विश्लेषण गर्दा यी क्रियापदहरूमा रहेका रूपहरूले 'पढ' धातुबाट निर्मित भएझैं अर्थ दिएका छन् । मात्रै यहाँ 'जा' धातु भूत कालमा 'ग' आदेश भएको देखिन्छ । यो [ग]/जा/ को संरूप हो । अन्य रूपहरू/पढ्/ धातुबाट व्युत्पन्न हुँदा जुनजुन रूपहरू देखिन्छन् । जा धातुबाट पनि सोही अनुसारका रूपको निर्माण भएको पाइन्छ ।

***पक्षबोधक क्रियापदका रूपिमहरूको विश्लेषण***

नेपाली भाषामा कालका विभिन्न अवस्थाविशेषसँग सम्बन्धित पक्षहरू शून्य वा सामान्य अपूर्ण, पूर्ण, अज्ञात, अभ्यस्त र अवास्तविक वा अनिश्चित गरी छ किसिमका देखिन्छन् । परम्परित व्याकरणमा सामान्य पक्ष भनिएका क्रियापदमा पक्षबोधक कुनै रूपिमको प्रयोग नभई केवल कालगत सूचना वा रूपिम मात्र रहेको हुन्छ, जस्तै : पढ्छ - /पढ्-छ्-अ/, पढ्यो - /पढ्-य्-ओ/ ।

यहाँ 'पढ्छ' क्रियापदमा /पढ्/ ले धातुलाई, /छ्/ ले अभूतलाई र /अ/ ले सङ्गतिलाई जनाएको छ । यहाँ पक्षबोधक कुनै रूपिमको प्रयोग भएको देखिँदैन । यसै गरी पढ्यो क्रियापदमा पनि /पढ्-य्-ओ/ धातु, भूत र सङ्गति जनाउने तीनवटा रूपिम मात्र रहेका छन् । यसमा पनि पक्षलाई जनाउने रूपिमको अभाव छ । यही कारणले सामान्य पक्ष मान्ने गरिएको यसलाई शून्य पक्ष पनि भन्न सकिन्छ । क्रियामा सामान्य पक्षको अभिव्यक्तिका लागि छुट्टै रूपिमको प्रयोग गरिएको पाइँदैन । कालिक सूचना दिने रूपिमले नै यसको जानकारी दिने भएकाले यसलाई शून्य पक्ष भनिएको हो ।

नेपाली भाषामा अपूर्ण पक्ष जनाउने क्रियापदमा निम्नअनुसारका रूपिमहरूको वितरण पाइन्छ :

**तालिका ८**

*अपूर्ण पक्षबोधक रूपिमहरू*

| | पढ्दै | जाँदै |
|---|---|---|
| रूप | पढ्- दै | जा-दै |
| अर्थ | धातु - अपूर्ण | धातु अपूर्ण |

.'पढ्' र 'जा' धातुबाट अपूर्ण पक्षमा व्युत्पन्न भएका क्रियापदमा रहेका रूपहरूको एकाइ र समायोजन प्रक्रियाबाट विश्लेषण गर्दा अपूर्ण पक्ष जनाउनाका लागि /दै/रूपिमको प्रयोग भएको देखिन्छ । यो /दै/ रूपका 'बस्तै' 'बस्दै' क्रियापदमा [तै] र [दै] संरूपहरू देखापर्दछन् । यसरी नेपाली भाषाका क्रियापदमा अपूर्ण जनाउन /दै/रूप र यसका [तै] वा [दै] संरूपको प्रयोग भएको पाइन्छ । अपूर्ण अर्थलाई द्योतन गरेको आशयका आधारमा 'पढिरहेको' 'गइरहेको' क्रियापदलाई अपूर्ण पक्षका क्रियाका रूपमा कतिपयले चर्चा गरेको देखिन्छ । वास्तवमा यस्ता क्रियाहरू अपूर्ण पक्षका हुन सक्दैनन् । हामी सहज रूपमा 'पढिरहन्छु,', 'पढिरहेको छु,', 'पढिरहनेछु,' पढिरहन्थेँ' जस्ता क्रिया पदको प्रयोग गर्दछौँ । यी क्रियापदहरू अपूर्ण होइनन् । त्यसैले 'पढिरहेको' 'गइरहेको' जस्ता क्रियाहरू अपूर्ण पक्षमा नभई पूर्ण पक्षमा प्रयुक्त हुन्छन् । यी क्रियामा रहेका रूपिमहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका ९**

*पढिरहेको र गइरहेको क्रियाका रूपिमहरू*

| | पढिरहेको | गइरहेको |
|---|---|---|
| रूप | पढ्-इ-रह-एक्-ओ | ग~जा-इ-रह-एक्- ओ |
| अर्थ | धातु-धातु योजिका-निरन्तरार्थक धातु-पूर्ण-तृपु,एव, अस्त्री | धातु-धातु योजिका- निरन्तरार्थक धातु- पूर्ण-तृपु,एव, अस्त्री |

यी क्रियाको सुरुमा धातु आएका छन् भने त्यसपछि/इ/रूपको प्रयोग भएको छ उक्त रूपले दुइटा धातुलाई जोड्ने योजिकाको काम गरेको छ । त्यसपछि प्रयुक्त/रह/ निरन्तर अर्थ व्यक्त गर्ने धातु हो यही धातुबाट व्यक्त अर्थले गर्दा अपूर्ण पक्षको भ्रम भएको देखिन्छ । यी क्रियामा रहेको/एक्/ले पूर्ण पक्षलाई द्योतन गरेको छ भने /ओ/ले चाहिँ तृतीय पुरुष, एकवचन, अनादर, अस्त्री लिङ्ग आदि सङ्गतिजन्य अर्थलाई व्यक्त गरेको छ ।

नेपाली भाषामा /एक्/ रूपिमले पूर्ण पक्षलाई व्यक्त गरेको पाइन्छ । 'पढ्' र 'जा' धातुबाट पूर्ण पक्षमा व्युत्पन्न क्रियामा रहेका रूपहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका १०**

*पूर्ण पक्षबोधक क्रियाका रूपिमहरू*

| शब्द | पढेको | गएको |
|---|---|---|

| | | |
|---|---|---|
| रूप | पढ्-एक्-ओ | ग~जा -एक्- ओ |
| अर्थ | धातु- पूर्ण- तृपु,एव, अस्त्री | धातु- पूर्ण- तृपु,एव, अस्त्री |

'पढ्' तथा 'जा' धातुबाट व्युत्पन्न पूर्ण पक्षका क्रियाहरू लिङ्ग, वचन, पुरुष तथा आदरका आधारमा पढेका, पढेकी, पढ्नुभएकोजस्ता विभिन्न स्वरूपमा देखिन्छन् । यस्ता क्रियापदहरूमध्ये माथिका क्रियामा रहेका /पढ्/ तथा /जा/ रूपिमले धातुलाई /एक्/ रूपिमले पूर्ण पक्षलाई र यी क्रियापदहरूमा प्रयुक्त अन्तिम रूपहरूले सङ्गतिजन्य व्याकरणिक अर्थलाई सङ्केत गरेका छन् । यहाँ 'जा' धातुबाट व्युत्पन्न पूर्ण पक्षका क्रियापदमा [ग] संरूपको प्रयोग भएको देखिन्छ ।

नेपालीमा अभ्यस्त पक्ष भूत कालसँग सम्बन्धित रहेको छ । 'पढ्' र 'जा' धातुबाट अभ्यस्त पक्षमा निर्माण हुने क्रियापदमा रहेका रूपिमहरूलाई निम्नअनुसार विश्लेषण गर्न सकिन्छ :

**तालिका १३**

*अभ्यस्त पक्षका क्रियाका रूपिमहरूको विश्लेषण*

| पढ्थेँ | पढ्थ्यौँ | पढ्थिस् | पढ्थ्यौ | पढ्नुहुन्थ्यो |
|---|---|---|---|---|
| पढ् -थ् -ϕ- एँ | पढ्-थ्-य्-औँ | पढ्-थ्-इ-स् | पढ्-थ्-य्-औ | पढ्-नु-हु-थ्-य्-ओ |
| धातु -अभ्यस्त- भूत-प्रपु, एव, | धातु -अभ्यस्त- भूत- प्रपु, बव, | धातु -अभ्यस्त- भूत-द्विपु, एव, अनादर | धातु -अभ्यस्त- भूत- द्विपु, बव, निम्नआदर | धातु-नामिक प्रत्यय- धातु-अभ्यस्त-भूत- द्विपु, उच्च आदर |
| पढिसिन्थ्यो | पढिबक्सन्थ्यो | पढ्थ्यो | पढ्थिन् | पढ्थे |
| पढ्-इ-सि-थ्- य्-ओ | पढ्- इ-बक्स्-थ्-य-ओ | पढ्-थ्-य्-ओ | पढ्-थ्-ϕ-इन् | पढ्-थ्-ϕ-ए |
| धातु -योजिका- उच्च आदर- अभ्यस्त- भूत- द्विपु, एव, बव | धातु -योजिका- धातु, विशिष्ट आदर अभ्यस्त- भूत- द्विपु, | धातु -अभ्यस्त- भूत- तृपु. एव, अस्त्री- अनादर | धातु -अभ्यस्त- भूत- तृपु. एव, स्त्री- निम्न आदर | धातु -अभ्यस्त- भूत- तृपु. बव, निम्न आदर |

माथिको तालिका अनुसार अभ्यस्त पक्ष जनाउन उल्लिखित सबै क्रियापदमा /थ्/ रूपिमको प्रयोग भएको देखिन्छ । /थ्/ बाहेकका अन्य रूपिमहरूले यहाँ अन्य कोशीय तथा व्याकरणिक सूचना प्रवाह गरेका छन् । अभ्यस्त पक्षमा 'जा' धातुबाट पनि निम्नअनुसारका क्रियापदहरूको व्युत्पादन भएको पाइन्छ ।

**तालिका १४**

*'जा' धातुका अभ्यस्त पक्षका क्रियाका रूपिमहरूको विश्लेषण*

| जान्थेँ | जान्थ्यौँ | जान्थिस् | जान्थ्यौ | जानुहुन्थ्यो |
|---|---|---|---|---|
| जा -थ् -ϕ- एँ | जा- थ्-य्-औँ | जा-थ्-इ-स् | जा-थ्-य्-औ | जा- नु-हु-थ्-य्-ओ |
| धातु -अभ्यस्त- भूत- प्रपु, एव, | धातु -अभ्यस्त- भूत- प्रपु, बव, | धातु -अभ्यस्त- भूत-द्विपु, एव, | धातु -अभ्यस्त- भूत- द्विपु, बव, | धातु-नामिक प्रत्यय- धातु-अभ्यस्त-भूत- |

| | | | | |
|---|---|---|---|---|
| | | अनादर | निम्नआदर | द्विपु, उच्च आदर |
| गइसिन्थ्यो | गइबक्सन्थ्यो | जान्थ्यो | जान्थिन् | जान्थे |
| ग~जा-इ-सि - थ्- य्-ओ | ग~जा- इ-बक्स्-थ्-य-ओ | जा-थ्-य्-ओ | जा-थ्-ϕ-इन् | जा-थ्-ϕ-ए |
| धातु -योजिका-उच्च आदर- अभ्यस्त- भूत- द्विपु, एव, बव | धातु -योजिका- धातु, विशिष्ट आदर अभ्यस्त- भूत- द्विपु, | धातु -अभ्यस्त- भूत- तृपु. एव, अस्त्री- अनादर | धातु -अभ्यस्त- भूत- तृपु. एव, स्त्री- निम्न आदर | धातु -अभ्यस्त- भूत- तृपु. बव, निम्न आदर |

यहाँ पनि अभ्यस्त पक्षलाई जनाउन /थ्/ रूपिमको नै प्रयोग भएको देखिन्छ । अभ्यस्त पक्षमा पनि लिङ्ग, वचन, आदर, पुरुषका कारणबाट नै उल्लिखित रूपावलीको निर्माण भएको देखिन्छ ।

अधिकांश नेपाली व्याकरणमा अज्ञातलाई भूत कालका पक्षका रूपमा चिनाइएको पाइन्छ । न्यौपाने ( २०६१, पृ. २९१) मा चाहिँ यसलाई अभूत कालको पक्षका रूपमा सङ्केत गरिएको छ । यस पक्षका क्रियालाई अर्थगत दृष्टिले भूतकालसँग जोडे पनि संरचनागत आधारमाचाहिँ अभूत कालभित्रै समावेश गर्नु उपयुक्त हुन्छ । यसमा निम्नअनुसारका क्रियापदहरूको निर्माण भएको पाइन्छ :

**तालिका ११**

*अज्ञात पक्षका क्रियाका रूपिमहरूको विश्लेषण*

| पढेँछु | पढेछौँ | पढिछस् | पढेछौ | पढेछ |
|---|---|---|---|---|
| पढ् -ए-छ् - उ | पढ्- ए-छ्- औँ | पढ्-इ-छ्-अस् | पढ्-ए-छ्-औ | पढ्- ए-छ्-अ |
| धातु-अज्ञात-अभूत- प्रपु, एव, | धातु -अज्ञात - अभूत- प्रपु, बव, | धातु -अज्ञात - अभूत- द्विपु, एव, अनादर | धातु-अज्ञात - अभूत- द्विपु, बव, निम्नआदर | धातु-अज्ञात -नामिक प्रत्यय-धातु- द्विपु, उच्च आदर |

माथिको तालिकामा 'पढ्' धातुबाट अज्ञात पक्षमा व्युत्पादित क्रियापदहरू र ती क्रियापदमा रहेका रूप तथा ती रूपहरूले दिने अर्थलाई प्रस्तुत गरिएको छ । अज्ञात पक्षलाई जनाउन क्रिया पदमा /ए/रूपिमको प्रयोग भएको कुरा माथिका सबै क्रियापदहरूमा धातुभन्दा पछाडि /ए/रूपिम जोडिएबाट स्पष्ट हुन्छ । नेपाली भाषाका क्रियापदमा धातुभन्दा पछाडि जोडिने रूपिमले पक्षलाई र त्यसभन्दा पछाडि जोडिएको रूपिमले मात्र काललाई द्योतन गरेको कुरा यहाँ स्मरणीय छ । अज्ञात पक्ष जनाउने /ए/रूपिमका [एँ, इ तथा ए] संरूपहरू रहेको कुरा माथिको उदाहरणबाट स्पष्ट भएको छ । माथिका उदाहरणमा लिङ्ग, वचन, पुरुष तथा आदरका कारणबाट अज्ञात पक्षमा विभिन्न रूपावली बनेका देखिन्छन् । यसैगरी 'जा' धातुबाट व्युत्पन्न भएका क्रियापदमा विद्यमान निम्नअनुसारका प्रस्तुत गरिएको छ :

**तालिका १२**

*'जा' धातुका अज्ञात पक्षका क्रियाका रूपिमहरूको विश्लेषण*

| गएँछु | गएछौँ | गइछस् | गएछौ | गएछ |
|---|---|---|---|---|
| ग~जा -ए-छ् -उ | ग~जा- ए-छ्- औँ | ग~जा-इ-छ्-अस् | ग~जा-ए-छ्-औ | ग~जा-ए-छ्-अ |
| धातु -अज्ञात-अभूत- | धातु -अज्ञात - | धातु -अज्ञात - | धातु-अज्ञात -अभूत- | धातु-अज्ञात -अभूत- |

| | | | | |
|---|---|---|---|---|
| प्रपु, एव, | अभूत- प्रपु,बव, | अभूत- द्विपु, एव, अनादर | द्विपु, बव, निम्नआदर | तृपु, अनादर |

प्रस्तुत तालिकामा 'जा' धातुबाट अज्ञात पक्षमा निर्मित भएका केही क्रियापदहरूमा रहेका रूपिमहरूको विश्लेषण गरिएको छ । यहाँ पनि अजात पक्ष जनाउन /ए/रूपिम तथा [एँ, इ तथा ए] संरूपहरू प्रयोग भएको उल्लिखित तथ्यले सिद्ध गरेको छ । अज्ञात पक्षमा पनि 'जा' धातुबाट [ग] संरूप व्युत्पादन भएको कुरा माथिको तालिकामा स्पष्ट रूपमा देखिएको छ ।

***अवास्तविक पक्षका क्रियापदका रूपहरूको विश्लेषण***

नेपाली भाषामा भूत र अभूत गरी दुई किसिमको मात्र कालिक व्यवस्था रहेको भए पनि व्याकरणका अधिकांश किताबहरूमा अभूत काललाई वर्तमान र भविष्यत् दुई कालमा विभाजन गरेको पाइन्छ । वास्तवमा नेपालीमा व्याकरणिक दृष्टिले भविष्यत् कालको प्रयोग देखिँदैन । भविष्यत् कालबोधक भनेर जनाइएको रूपिमले कालको नभई पक्षको मात्र अभिव्यक्ति गरेको सन्दर्भलाई निम्नलिखित क्रियापदका माध्यमबाट स्पष्ट पार्न सकिन्छ :

**तालिका १५**

*'जा' धातुका अभ्यस्त पक्षका क्रियाका रूपिमहरूको विश्लेषण*

| पढ्ने छ | जाँदै हुने छ | जाने छ | गएको हुनेछ |
|---|---|---|---|
| पढ्-ने -छ्-अ | जा-दै-हु-ने-छ्-अ | जा-ने -छ्-अ | ग~जा-एक् ओ-हु-ने-छ्-अ |
| धातु-अवास्तविक-अभूत-तृपु, एव, अनादर, अस्त्री | धातु-अपूर्ण- धातु-अवास्तविक -अभूत-तृपु,एव,अनादर, अस्त्री | धातु-अवास्तविक-अभूत-तृपु, एव, अनादर, अस्त्री | धातु-पूर्ण-तृपु,एव,अनादर, अस्त्री -धातु-अवास्तविक-अभूत-तु,एव,अनादर,अस्त्री |

माथिका उदाहरणमा /ने/रूपिमले सबै क्रियापदमा अवास्तविक पक्षलाई द्योतन गरेको छ । पक्ष सँधैभरि कालबोधक रूपिमभन्दा अगाडि प्रयोग हुन्छ । माथि दिइएका सबै क्रियापदका अन्त्यमा अभूत काललाई जनाउन /छ्/रूपिम आएको छ । त्यसैले यहाँ /ने/रूपिमले भविष्यत् काललाई नभई अवास्तविक पक्षलाई जनाएको छ ।

**भावबोधक क्रियापदहरूको विश्लेषण**

क्रियाबाट व्यक्त वक्ताको मनोभावलाई क्रियाको भाव वा अर्थ भनिन्छ । यहाँ सर्वप्रथम भावबोधक क्रियापदहरूको रूपावलीलाई कर्तासहित निम्नअनुसार प्रस्तुत गरिएको छ :

**तालिका १६**

*भावबोधक क्रियाका रूपावलीहरू*

| कर्ता | सामान्यार्थ | | इच्छार्थ | | आज्ञार्थ | | सम्भावनार्थ | |
|---|---|---|---|---|---|---|---|---|
| म | पढ्छु, | जान्छु | पढूँ, | जाऊँ | | | पढुँला | जाउँला |
| हामी | पढ्छौं | जान्छौं | पढौं | जाऔं | | | पढौंला | जाऔंला |
| तँ | पढ्छस् | जान्छस् | पढेस् | गएस् | पढ् | जा | पढ्लास् | जालास् |
| तिमी | पढ्छौ | जान्छौ | पढे | गए | पढ | जाऊ | पढौला | जाउला |
| तिमीहरू | पढ्छौ | जान्छौ | पढे | गए | पढ | जाओ | पढौला | जाऔला |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तपाईं | पढ्नुहुन्छ | जानुहुन्छ | पढ्नुहोओस् | जानुहोओस् | पढ्नुहोस् | जानुहोस् | पढ्नुहोला | जानुहोला |
| ऊ | पढ्छ | जान्छ | पढोस् | जाओस् | | | पढ्ला | जाला |
| उनी | पढ्छन् | जान्छन् | पढुन् | जाउन् | | | पढ्लान् | जालान् |
| उनीहरू | पढ्छन् | जान्छन् | पढुन् | जाउन् | | | पढ्लान् | जालान् |

विभिन्न भावलाई जनाउने माथिका केही क्रियापदहरूमा रहेका रूपिमहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छ :

**तालिका १७**

*भावबोधक क्रियामा रहेका रूपहरूको विश्लेषण*

| पढ्छु | जाऊँ | जाओ | जाऔंला |
|---|---|---|---|
| पढ् -छ्-उ | जा-ϕ-उँ | जा-ϕ-ओ | जा-औं-ल्-आ |
| धातु- अभूत- प्रपु, एव | धातु-इच्छा- प्रपु,एव | धातु-आज्ञा- द्विपु,बव | धातु-द्विपु-सम्भावना- एव/बव,निम्नआदर |

यहाँ 'पढ्छु' क्रियापदमा भावबोधक कुनै रूपिमको नै प्रयोग भएको छैन । यहाँ अभूतकालसँग सम्बन्धित रूपिमले नै सामान्य भाव वा अर्थलाई द्योतन गरेको पाइन्छ । सामान्यार्थमा इच्छा, आज्ञामा जस्तो अर्थ वा भावबोधक विशिष्ट रूपिमको प्रयोग नहुने भएकैले यसलाई सामान्यार्थ भनिएको हो । 'जाऊँ' क्रियापदमा शून्य रूपिम/ϕ/ले इच्छार्थलाई द्योतन गरेको छ । यसैगरी 'जाओ' क्रियापदमा पनि शून्य /ϕ/रूपले नै आज्ञार्थलाई जनाएको छ । 'जाऔंला' सम्भावनार्थ, प्रथम पुरुष, बहु वचन जनाउने क्रियापद हो । यस क्रियापदमा /औं/ ले द्वितीय पुरुषलाई जनाएको छ भने /ल्/ ले सम्भावनार्थलाई र /आ/ ले एक तथा बहुवचन र निम्नआदरलाई जनाएको छ ।

***वाच्यबोधक क्रियापदहरूको विश्लेषण***

वाच्य वाक्यात्मक संरचनाका कर्ता कर्म वा क्रिया कथ्य हुने वा प्रमुख हुने व्याकरणिक व्यवस्था हो । नेपालीमा धातुमा जोडिएको 'इ' प्रत्ययले अकर्तृ वाच्यलाई सङ्केत गर्दछ । कर्तृ वाच्यलाई जनाउन कुनै रूपिमको उपस्थित नहुने भएकाले शून्य रूपको परिकल्पना गर्नुपर्ने आवश्यकता देखिन्छ;, जस्तै :

| | |
|---|---|
| पढ्छ | पढिन्छ |
| पढ्-ϕ-छ्-अ | पढ्-इ-छ्-अ |
| धातु-कर्तृ-अभूत-सङ्गति | धातु-अकर्तृ-अभूत-सङ्गति |

'पढ्' धातुबाट कर्तृ तथा कर्मवाच्यका क्रियापदको व्युत्पन्न हुने गर्दछ भने 'जा' धातुबाट चाहिँ भाव वाच्यका क्रियापदको निमार्ण हुने गर्दछ । यहाँ 'पढ्' धातुबाट व्युत्पन्न कर्म वाच्यबोधक र 'जा' धातुबाट व्युत्पन्न भाव वाच्यबोधक क्रियापदहरूलाई निम्नअनुसार प्रस्तुत गरी ती क्रियामा रहेका रूपहरूको विश्लेषण गरिएको छ :

**तालिका १८**

*वाच्यबोधक क्रियामा रहेका रूपहरूको विश्लेषण*

| पढियो, | पढिएला | पढिएछ | जाइन्छ, | गइएला |
|---|---|---|---|---|
| पढ्-इ-य्-ओ | पढ्-इ-ए-ल्-आ | पढ्-इ-ए-छ्-अ | जा-इ-छ्-अ | ग~जा-इ-ए-ल्-आ |

| | | | | |
|---|---|---|---|---|
| धातु-अकर्तृ - भूत- तृपु, एव | धातु-वाच्यार्थक प्रत्यय-रिक्त-सम्भावना -तृपु, एव | धातु-अकर्तृ-अज्ञात- अभूत-तृपु, एव | धातु-अकर्तृक - अभूत-तृपु,एव, | धातु-वाच्यार्थक प्रत्यय - रिक्त- सम्भावना- तृपु,एव, |

यी क्रियापदमा /इ/रूपिमले अकर्तृ वाच्यलाई द्योतन गरेकाले यो वाच्यार्थक रूपिम हो । यहाँ 'पढिएला' र 'गइएला' शब्दमा /ए/ अतिरिक्त रूपको प्रयोग भएको देखिन्छ । यो यहाँ रिक्त रूपका रूपमा प्रयुक्त रहेको छ । वार्णिक उपस्थिति भएर पनि कुनै अर्थलाई व्यक्त नगरेमा त्यस्ता रूपलाई रिक्त रूप भन्ने गरिएको छ ।

**ध्रुवीयताबोधक क्रियापदहरूको विश्लेषण**

ध्रुवीयता करण तथा अकरणसँग सम्बन्धित व्याकरणात्मक व्यवस्था हो । यसको सम्बन्ध पनि क्रियापदसँग नै हुने गर्दछ । क्रियापदमा जोडिएको निषेधार्थी 'न' ले अकरणलाई द्योतन गरेको हुन्छ । नेपालीमा अकरण संयोजनबाट निर्माण हुने 'पढ्' तथा 'जा' धातुबाट व्युत्पन्न्न रूपहरूलाई निम्नअनुसार प्रस्तुत गरी ती क्रियापदमा विद्यमान रूपहरूको विश्लेषण निम्नअनुसार गर्न सकिन्छः

**तालिका १९**

*निषेधनबोधक क्रियामा रहेका रूपहरूको विश्लेषण*

| पढ्दैन | पढेनछ | जाँदैनौं | जाँदैनथ्यो |
|---|---|---|---|
| पढ्-दैन्-ϕ-अ | पढ्-ए-न्-छ्-अ | जा-दैन्-ϕ-औं | जा-दैन-थ्-य्-ओ |
| धातु-अभ्यस्त-अभूत-निषेधन-तृपु, एव, अस्त्री | धातु-अज्ञात-निषेधन-अभूत-तृपुं एव,अस्त्री | धातु-निषेधन-अभूत-प्रपु,बव | धातु-अभ्यस्त-निषेधन-अभ्यस्त-भूत-तृपु, एव, अनादर, अस्त्री |

यी उदाहरणमा अकरण जनाउनाका लागि क्रियापदमा /न/तथा [दैन्] रूपिमको प्रयोग भएको छ । यी छुट्टाछुट्टै रूप नभएर एउटै /न/ का संरूप हुन् । नेपाली भाषाका क्रियापदमा अकरण जनाउने यस्ता रूपिमहरू धातुभन्दा अगाडि (नजा, नजाओस्, नजाउन् ...) र धातुभन्दा पछाडि (जाँदैन, गएको छैन ...) प्रयोग भएका देखिन्छन् ।

**क्रियापदमा प्रयुक्त रूपिमहरूको प्रकार**

नेपाली भाषाका क्रियापदमा व्यक्ति, सम्पृक्त, शून्य, रिक्त, मुक्त, बद्ध, कोशीय एवम् व्याकरणिक रूपका साथै विभिन्न किसिमका संरूपहरूको प्रयोग भएको पाइन्छ ।एउटा वार्णिक आकारमा आएको रूपले एउटा अर्थ व्यक्त गर्छ भने त्यो व्यक्तिरूप हुन्छ (न्यौपाने, भण्डारी, न्यौपाने र घिमिरे, २०६७, पृ. ८३) । नेपाली भाषाका क्रियापदमा जेजति रूपहरू देखिएका छन् ती सबै व्यक्ति रूपभित्र पर्दछन्, जस्तै : 'पढ्छ' क्रियापदका /पढ्-छ्-अ/ तीनवटै रूपहरूले एउटा एउटा अर्थलाई द्योतन गरेकाले यिनीहरू व्यक्तिरूप हुन् । एउटै रूपले एक साथ अनेक अर्थ दिएमा त्यस्ता रूपहरूलाई सर्वादेश वा सम्पृक्तरूप भनिन्छ (न्यौपानेर न्यौपाने, २०६३, पृ. १३) । सङ्गति जनाउन आएका नेपाली भाषाका क्रियापदमा समाविष्ट रूपहरू यसअन्तर्गत पर्दछन्, जस्तै : 'पढ्छ' क्रियाको अन्त्यमा रहेको /अ/रूपिमले एकसाथ तृतीय पुरुष, एक वचन, अनादर, तथा अस्त्री लिङ्गलाई जनाएकाले यो सर्वादेश रूप हो । वार्णिक आकारमा उपस्थित नभईकन पनि कुनै कार्य वा अर्थलाई प्रस्तुत गर्ने रूपलाई चाहिँ शून्य रूप भनिन्छ । ध्वन्यात्मक संरचना नभए पनि आर्थी संरचना हुनु यस्ता रूपहरूको विशेषता हो (गौतम, ओझा र सुवेदी, २०६७, पृ. ८८) । 'गए' क्रियापदको /ग-ϕ-ए/मा भूत काल जनाउन कुनै वार्णिक रूपको उपस्थिति छैन तर यहाँ भूत

कालको अभिव्यक्ति रहेको हुनाले यहाँ शून्य रूपको परिकल्पना गरिएको हो । यसैगरी 'जाओ' /जा-ϕ-ओ/ 'जान्थे' /जा-थ्-ϕ-ए/ क्रियामा शून्य रहेका देखिन्छन् । शून्य रूपको ठिक विपरीत स्वरूपमा रिक्त रूपरहेको हुन्छ । रिक्त रूप त्यस्तो रूप हो जसको रूप छ अर्थ छैन (बन्धु,२०७३, पृ. ८३) । अर्थात् वार्णिक आकारमा देखिएका रूपले कुनै आर्थी सूचना नदिएमा तिनीहरू रिक्त रूप मानिन्छन् । नेपाली भाषाका अकर्तृक सम्भावना क्रियापदमा रिक्त रूपको प्रयोग पाइन्छ, जस्तैः 'पढिएला' क्रियापदमा प्रयुक्त /पढ्/ ले 'पढ्नु' /इ/ ले अकर्तृ,/ल्/ ले सम्भावना र /आ/ ले सङ्गति भन्ने अर्थ दिएका छन् भने /ए/ ले कुनै अर्थ दिएको छैन । त्यसैले यो रिक्त रूप हो । यसरीनै 'गइएला' लगायतका क्रिया पदमा प्रयुक्त /ए/ रिक्त रूपका रूपमा देखिएको छ ।

प्रयोगका दृष्टिले मुक्त र बद्ध गरी रूप दुई किसिमका हुन्छन् । स्वतन्त्र रूपमा प्रयोगयोग्य रूपलाई नै मुक्त रूपर अन्य रूपसँग आबद्ध भएपछि मात्र सार्थक हुने वा एक्लो प्रयोग हुन नसक्ने रूपलाई बद्ध रूप भनिन्छ । नेपाली भाषाका क्रियापदमा मुक्त रूपको प्रयोग गरिएको पाइँदैन । 'तँ नेपाली पढ्', तँ घर जा' वाक्यमा प्रयुक्त /पढ्/ र /जा/ क्रिया पदहरू मुक्त हुन् भन्ने भ्रम हुन सक्छ । यी क्रियामा पनि /पढ्- ϕ/ र /जा-ϕ/ दुईदुई वटा रूपहरू रहेका छन् । यहाँ शून्य रूप लागेपछि मात्र उक्त पद स्वतन्त्रजस्तो देखिएको छ । यहाँ शून्य रूपले आज्ञा अर्थ दिएको छ ।

अर्थका आधारमा रूपहरू कोशीय र व्याकरणिक दुई किसिमका हुन्छन् । कोशीय अर्थ वा कुनै अवधारणा जनाउने रूपहरू कोशीय रूप हुन् (न्यौपाने, भण्डारी, न्यौपाने र घिमिरे, २०६७, पृ. ८५)। क्रियापदमा प्रयुक्त धातुहरूले मात्र कुनै अवधारणालाई जनाउने भएकाले कोशीय रूप हुन् ।व्याकरणिक रूपहरूले काल, पक्ष, भाव, लिङ्ग, वचन आदि व्याकरणिक सूचना दिने गर्दछन् । उपसर्ग प्रत्ययलगायतका व्युत्पादन तथा रूपायनसँग सम्बन्धित रूपहरू यसअन्तर्गत पर्दछन् (न्यौपाने र न्यौपाने, २०६३, पृ. २१) । नेपाली भाषाका क्रियापदमा रहेका धातुबाहेकका सबै रूपहरू व्याकरणिक रूपभित्र पर्दछन् ।

नेपाली भाषाका क्रियापदमा संरूपको पनि प्रयोग भएको पाइन्छ ।  माथि विश्लेषण गरिएका रूपहरूमध्ये 'जा' धातुबाट पूर्ण पक्ष र भूत कालमा प्रयोग हुँदा निर्माण भएको [ग] संरूपका तहमा आएको देखिन्छ । नेपालीमा संरूपको अवस्था अकरणका केही क्रिया पदमा पनि पाइन्छ । उदाहरणका लागि 'गएन' क्रियापदमा निषेध जनाउनका लागि /न/ रूपको प्रयोग भएको छ भने 'जाँदैन' क्रियापदमा /दैन्/ रूपिमको प्रयोग भएको छ । यस सन्दर्भमा [न]र [दैन्]दुवै /न/ का संरूप हुन् ।

**निष्कर्ष**

नेपाली भाषाका क्रियापदमा धातुले आधारभूत रूपिमको र अन्य रूपिमहरूले चाहिँ आधेय रूपिमको काम गरेका छन् । क्रियापदको सुरुमा अकरण विध्यर्थबाहेक अन्यत्र धातुको नै प्रयोग भएको पाइन्छ । क्रियापदको बनोटमा धातुभन्दा पछाडि कुनै क्रियामा पक्षबोधक रूपिमको र कुनैमा भावबोधक रूपिमको प्रयोग भएको देखिन्छ । कालबोधक क्रियापदमा धातुभन्दा सिधै पछाडि पक्षबोधक रूपिमको र त्यसभन्दा पछाडि कालबोधक रूपिमको प्रयोग भएको देखिन्छ भने भावबोधक क्रियापदमा चाहिँ धातुपछि भावबोधक रूपिम र त्यसभन्दा पछाडि सङ्गति जनाउने रूपिमको प्रयोग भएको माथिको विश्लेषणले देखाएको छ । यी विभिन्न रूपिमहरू प्रायः सबै क्रियापदमा एउटा व्याकरणिक कार्यका लागि प्रयोग भई आनुक्रमिक संरचनामा आएका हुनाले एकाइ र व्यवस्थापन वा समायोजन प्रक्रियाद्वारा नेपाली भाषाका क्रियापदमा रहेका रूपहरूको विश्लेषण गर्न सकिने देखिन्छ । 'पढ्छौ',

'गयौं', 'गए' जस्ता रूपहरूचाहिँ एउटै संरचनामा एक वचन तथा बहु वचनमा प्रयोगमा रहेका हुनाले यी क्रियापदमा रहेका रूपहरूको विश्लेषण गर्नाका लागि शब्द र रूपावली पद्धति उपयोगी रहेको छ ।

नेपाली भाषाका क्रियापदमा सबै किसिमका रूपिमहरूको व्यवस्थापन रहेको पाइन्छ । मुक्त रूपको प्रयोगचाहिँ नेपाली भाषाका क्रियापदमा हुनसकेको देखिँदैन । बद्ध, सम्पृक्त, रिक्त, शून्य, कोशीय, व्याकरणिक लगायतका सबै किसिमका रूपहरूले क्रियापदको बनोटमा भूमिका खेलेको तथ्यले पुष्टि गरेको छ । नेपाली भाषाका समापिका क्रियापदमा व्याकरणिक कारणले संरूपको निर्माण भएको देखिन्छ । धातुका रूपमा रहेको /जा/ रूपिम पूर्ण पक्षका क्रिया पदका साथै भूत कालमा [ग] संरूपका रूपमा देखापरेको छ । यो व्याकरणिक कारणले देखिएको संरूप हो । अकरण जनाउन पनि [न] र [दैन्] संरूपको प्रयोग भएको पाइन्छ । यसरी सबै किसिमका रूपिमहरूको आनुक्रमिक रूपमा संयोजन भई बहुव्याकरणिक अर्थहरूको अभिव्यक्ति दिई वाक्यको केन्द्रीय एकाइका रूपमा रहनु नेपाली भाषाका क्रियापदको मुख्य विशेषता हो ।

**सन्दर्भसामग्री**

गौतम, देवीप्रसाद. ओझा, रामनाथ र सुवेदी, सखिशरण (२०६७). *सामान्य भाषाविज्ञान.* पिनाकल पब्लिकेसन प्रा.लि.

गौतम, देवीप्रसाद र चौलागाइ, प्रेमप्रसाद (२०७०). *सामान्य भाषाविज्ञान.* पाठ्य सामग्री पसल ।

तिवारी, भोलानाथ (सन १९९४). *भाषाविज्ञान* (प्रस्तुत सं.). किताब महल ।

न्यौपाने, टङ्कप्रसाद (२०६१). *भाषाविज्ञानको रूपरेखा* (दो.सं.). एनबिडि प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद र न्यौपाने दीपकप्रसाद (२०६३). रूपविज्ञान. भुँडी पुराण प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद. भण्डारी, पारसपणि. न्यौपाने, दीपकप्रसाद र घिमिरे, तुलसीप्रसाद (२०६७). *सामान्य भाषाविज्ञान.* सनलाइट पब्लिकेसन ।

बन्धु, चूडामणि (२०७३). भाषाविज्ञान (नवौं सं.). साझा प्रकाशन ।